नेपाल सरकार

गृह मन्त्रालय

प्रहरी प्रधान कार्यालय

# मानव बेचविखन अनुसन्धान ब्यूरो

(मिडिया डेस्क)

PRESS RELEASE

बबरमहल, काठमाण्डौ

मिति: २०७७/११/१३ गते।

**बिषय:- " टर्की पुऱ्याई मानव बेचबिखन गर्ने अभियुक्तहरु पक्राउ।"**

**घटना बिबरण :-**

स्कुटी दुर्घटनामा बुवाको मृत्यु पश्चात दैनिक गुजारा चलाउन कठिन भईरहेकै अवस्थामा प्रतिवादीहरु मध्येका पुर्णिमा बस्नेतलाई जाहेरवालीहरु(परिवर्तीत नाम बबरमहल ६१ र ६२) ले भेट्दा टर्कीमा राम्रो रोजगारीको प्रलोभन देखाई प्रति व्यक्ति १०/१० लाख रुपैंया खर्चमा मासिक ८०/९० हजार तलब हुन्छ भनेपछी जाहेरवालीहरुले का. जि. बुढानिलकण्ठमा रहेको जग्गा बिक्री गरी प्राप्त १० लाख रुपैंया प्रतिवादी पुर्णीमा बस्नेतलाई दिएपश्चात सम्पर्क बिहिन भई केही समय पश्चात सम्पर्कमा आउँदा पीडितहरुले हामी बिदेश जादैनौ भनि पैसा फिर्ता माग्दा तिमिहरुको टर्कीको कार्ड बनिसकेकोले जानैपर्छ भनि पुर्णिमा बस्नेतले टर्कीमा रहेका आफ्नो बुवासंग पीडितहरुलाई IMO मा सम्पर्क गराई निजको बुवाले भनेअनुसार काठमाण्डौं ताहाचल स्थित श्रम कार्यालय बाहिर काम गर्ने जीबन भट्टलाई भेट्दा टिकट लगायतका कागजातहरु तयार पारि सो बापत ५३ हजार रुपैंया जबरजस्ती लिई २०७७ साल असोज २२ गते त्रिभुबन अन्तराष्ट्रीय बिमानस्थलबाट TURKISH AIRLINES द्वारा टर्की पुगे पश्चात पुर्णीमा बस्नेतको बुवासंग भेटी निजले काममा लगाई दिन्छु भनि आश्वासन दिई ३ हप्ता आफ्नै कोठामा राखेकोमा पिडित छोरी नेपाल फिर्ता हुन्छु भन्दा नेपाल फर्कन नदिई आमालाई ग्रीस पठाईदिन्छु भनी कोठामै बन्धक बनाई राखेको र छोरीलाई काममा लगाई दिन्छु भनि टर्कीको बोर्डरमा पुऱ्याई २००० लिरामा अन्य व्यक्तिलाई बिक्री गरेको कुरा थाहा पाई पीडितले राजदुताबासमा समन्वय गरी दुताबासको समन्वयमा छोरी २०७७ मंसिर ८ गते र आमा २०७७ पौष २६ गते नेपाल फर्किए पश्चात पीडितले दिएको जाहेरीको आधारमा फरार रहेका प्रतिवादीहरु जि. गोरखा, गोरखा न.पा.-१ बस्ने बर्ष २६ को जीबन भट्टलाई २०७७/११/११ गते काठमाण्डौं सोल्टीमोडबाट र पुर्णिमा सिर्पाली बस्नेतलाई २०७७/११/१२ गते काठमाण्डौं माईतीघरबाट यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको साथै निज अभियुक्तहरुले अन्य धेरै व्यक्तिहरुलाई समेत प्रलोभनमा पारी रकम उठाएको प्रारम्भिक अनुसन्धानमा देखिएको हुँदा अन्य पीडितहरुलाई सम्पर्कमा ल्याउने लगायतका अन्य थप अनुसन्धान कार्य भईरहेको।

**पक्राउ अभियुक्तहरु:-**





१. जि. गोरखा, गोरखा न.पा.-१ स्थायी वतन भई हाल का.जि. तारकेश्वर न.पा. जरंखु डेरा गरी बस्ने जिवन भट्ट।

२. जि. बाग्लुङ, ढोरपाटन न.पा.-४ स्थायी वतन भई हाल का.जि.का.म.न.पा. माछापोखरी डेरा गरी बस्ने पुर्णिमा सिर्पाली बस्नेत।

**कानुनी प्रावधान:-**

३. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ अनुसार अनुसन्धान कारवाही हुने।

**थप जानकारीको लागी**

४. प्रवक्ता / सूचना अधिकारी : प्र.ना.उ. ढुण्डीराज नेउपाने (९८५१२८१२१०)

मिति:- २०७७/११/१३ गते।